नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय तथ्याङ्क कार्यालय

आर्थिक वर्ष २०८२/८३ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादन अनुमानसम्बन्धी

# प्रेस नोट

## १. परिचय

अर्थतन्त्रका विविध पक्षलाई मापन गरी आर्थिक नीति निर्माण गर्न र आर्थिक विकासका गतिविधिको अनुगमन तथा मूल्यांकन गर्नका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमित रुपमा राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादन लगायतका समष्टिगत आर्थिक सूचकहरू सार्वजनिक गर्दै आएको छ। यसै सन्दर्भमा नेपालमा पहिलो पटक आर्थिक वर्ष २०१८/१९ मा राष्ट्रिय लेखा अनुमान तयार गरेको पाइन्छ। नियमित रूपमा यस्ता अनुमान प्रकाशन गर्ने कार्य आर्थिक वर्ष २०२१/२२ देखि भएको देखिन्छ। यसै क्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक राष्ट्रिय लेखाका प्रारम्भिक अनुमान प्रकाशन गरिसकेको छ।

देशमा संघीय शासन प्रणाली शुरू भएसँगै प्रादेशिक तहमा भएको आर्थिक गतिविधिको मापन गर्न र प्रदेशमा देखिएका सामाजिक तथा आर्थिक असमानतालाई न्यूनिकरण गर्नका लागि आवश्यक नीति निर्माण गर्न र विकासका गतिविधिलाई प्रभावकारी बनाउन प्रदेशस्तरको कुल गार्हस्थ्य उत्पादन आवश्यक पर्दछ। यही विषयलाई ध्यानमा राखी राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रदेशस्तरको कुल गार्हस्थ्य उत्पादनको अनुमान गर्ने कार्य आर्थिक वर्ष २०७५/७६ देखि शुरु गरेको छ। यही क्रमको निरन्तरता स्वरूप आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेशस्तरको कुल गार्हस्थ्य उत्पादन लगायतका केही प्रमुख आर्थिक सूचक निर्माण गरी प्रकाशन गरिएको छ। प्रादेशिक राष्ट्रिय लेखा अनुमान गर्नका लागि उत्पादनमा आधारित Top-down विधिको प्रयोग गरिएको छ। जसअनुसार राष्ट्रिय तहमा अनुमान गरिएको प्रत्येक औद्योगिक वर्गिकरण अनुसारको कुल मूल्य अभिवृद्धिलाई उपयुक्त सूचकका आधारमा विभाजन गरी प्रदेश तहको औद्योगिक वर्गिकरण अनुसारको कुल मूल्य अभिवृद्धि अनुमान गरिएको छ। उक्त प्रादेशिक औद्योगिक वर्गिकरण अनुसारको कुल मूल्य अभिवृद्धिको योगफललाई प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (Provincial Gross Domestic Product – PGDP) को रूपमा प्रस्तुत गरिएको छ। राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादन अनुमान गर्न राष्ट्रिय लेखा प्रणाली (System of National Accounts, 2008) को मार्गदर्शन अनुसरण गरी अन्तर्राष्ट्रियस्तरीय औद्योगिक वर्गीकरणको चौथो संस्करण (International Standard Industrial Classification – ISIC revision 4) अनुसारका आर्थिक क्रियाकलापबाट उत्पादित वस्तु तथा सेवाको गणना गरिएको हुन्छ। जसअनुसार वर्गीकृत कुल २१ ओटा औद्योगिक क्षेत्रमध्ये २० ओटा क्षेत्रलाई १८ ओटा समूहमा समावेश गरी राष्ट्रिय तहका कुल


मूल्य अभिवृद्धि अनुमान गरिएको छ। सोहीबमोजिम प्रदेश तहका कुल मूल्य अभिवृद्धि पनि १८ ओटा समूहमा प्रस्तुत गरी प्रकाशन गरिएको छ।

प्रादेशिक लेखाका अनुमान प्रचलित र स्थिर दुवै मुल्यमा मापन गरी सार्वजनिक गरिएको छ। प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनबाट अर्थतन्त्रको आकार अनुमान गरिन्छ भने स्थिर मूल्यको कुल गार्हस्थ्य उत्पादनबाट आर्थिक वृद्धिदर अनुमान गरिन्छ। हाल प्रकाशित स्थिर मूल्यका अनुमान आर्थिक वर्ष २०६७/२०६८ को मूल्यमा आधारित छन्। प्रादेशिक लेखा अनुमान गर्ने क्रममा आर्थिक वर्ष २०८२/८३ का लागि पहिलो छ देखि आठ महिनासम्मका उपलब्ध आँकडा तथा सूचना प्रयोग गरी बाँकी अवधिको अवस्था सामान्य रहने अपेक्षा सहित तथ्याङ्कीय विधिबाट प्रादेशिक लेखाका प्रारम्भिक अनुमान तयार गरिएको छ। त्यसैगरी, उपलब्ध तथ्याङ्कका आधारमा आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान र आर्थिक वर्ष २०८०/८१ को अन्तिम तथ्याङ्क सार्वजनिक गरिएको छ। राष्ट्रिय लेखा तथ्याङ्क परिमार्जन गर्ने अभ्यासबमोजिम आर्थिक वर्ष २०८२/८३ र आर्थिक वर्ष २०८१/८२ का अनुमानलाई आगामी वर्ष क्रमशः परिमार्जन सहित प्रकाशन गरिने छ।

## २. अर्थन्त्रको आकार र प्रादेशिक योगदान

आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा ६६ खर्ब हुने अनुमान गरिएकोमा बागमती प्रदेशको २४ खर्ब २३ अर्ब (३६.७ प्रतिशत), कोशी प्रदेशको १० खर्ब ४३ अर्ब (१५.८ प्रतिशत), लुम्बिनी प्रदेशको ९ खर्ब ३७ अर्ब (१४.२ प्रतिशत), मधेश प्रदेशको ८ खर्ब ६३ अर्ब (१३.१ प्रतिशत), गण्डकी प्रदेशको ५ खर्ब ९३ अर्ब (९.० प्रतिशत), सुदुरपश्चिम प्रदेशको ४ खर्ब ६४ अर्ब (७.० प्रतिशत) र कर्णाली प्रदेशको २ खर्ब ७७ अर्ब (४.२ प्रतिशत) रहने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८२/८३ का लागि प्रारम्भिक अनुमान गरिएको प्रादेशिक अर्थतन्त्रको आकार चित्र १ मा प्रस्तुत गरिएको छ।


चित्र १ अर्थतन्त्रको आकार (रू. खर्बमा), २०८२/८३




## २. प्रादेशिक आर्थिक वृद्धिदर

आर्थिक वर्ष २०८२/८३ को प्रारम्भिक अनुमानबमोजिम स्थिर मुल्यमा मापन गरिएको उपभोक्ताको मूल्यको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको सबैभन्दा उच्च वार्षिक वृद्धिदर बागमती प्रदेश (५.४०%) मा र त्यसपछिको गण्डकी प्रदेश (५.०१%) मा देखिन्छ। त्यसैगरी, सबैभन्दा न्युन वार्षिक वृद्धिदर मधेश प्रदेश (१.३१%) मा हुने प्रारम्भिक अनुमान रहेको छ। स्थिर मूल्यमा मापन गरिएको उपभोक्ता मूल्यको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन वार्षिक वृद्धिदर ३.८५ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएकोमा बागमती र गण्डकी प्रदेशको राष्ट्रिय वार्षिक वृद्धिदरभन्दा बढी र बाँकि प्रदेशको राष्ट्रिय वार्षिक वृद्धिदरभन्दा कम हुने प्रारम्भिक अनुमान रहेको छ। आर्थिक वर्ष २०८२/८३ को प्रारम्भिक अनुमान, आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान तथा आर्थिक वर्ष २०८०/८१ को अन्तिम तथ्याङ्कबमोजिमको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चित्र २ मा प्रस्तुत गरिएको छ।

चित्र २ प्रादेशिक कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा)




## ३. औद्योगिक वर्गीकरणअनुसारको प्रादेशिक कुल मूल्य अभिवृद्धि तथा वृद्धिदर

औद्योगिक वर्गीकरण अनुसारको आर्थिक क्रियाकलापलाई हेर्दा आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ मा बागमती प्रदेश बाहेक सबै प्रदेशमा कृषिको योगदान सबैभन्दा बढी देखिन्छ भने बागमती प्रदेशमा थोक तथा खुद्रा व्यापारको योगदान सबैभन्दा बढी देखिन्छ। आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय तहमा दोस्रो हिस्सा ओगटेको व्यापारले कोशी तथा मधेश प्रदेशमा पनि दोस्रो हिस्सा नै ओगटेको देखिन्छ। त्यसैगरी, बागमती प्रदेशमा घरजग्गासम्बन्धी कारोवार सेवाको हिस्सा दोस्रो स्थानमा रहेको छ। गण्डकी र कर्णाली प्रदेशमा सार्वजनिक प्रशासन र रक्षाको योगदान दोस्रो स्थानमा रहेको देखिन्छ भने लुम्बिनी र सुदुरपश्चिम प्रदेशमा शिक्षाको योगदान दोस्रो स्थानमा रहेको देखिन्छ। अर्कोतर्फ, कोशी, गण्डकी, लुम्बिनी र सुदुरपश्चिम प्रदेशमा प्रशासनिक सहयोगी सेवा; मधेश, वागमती र कर्णाली प्रदेशमा खानी तथा उत्खनन् क्रियाकलापको योगदान सबै भन्दा न्यून देखिन्छ।

आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशको कृषि, लुम्बिनी र सुदुरपश्चिम प्रदेशको सार्वजनिक प्रशासन तथा रक्षा वाहेक सबै प्रदेशका अन्य सबै क्रियाकलाप वृद्धिदर धनात्मक रहेको देखिन्छ। आर्थिक वर्ष २०८२/८३ मा औद्योगिक वर्गीकरणअनुसारको कुल मूल्य अभिवृद्धिको वार्षिक वृद्धिदर राष्ट्रिय तहमा सबैभन्दा धेरै विद्युत तथा ग्याँसको (२०.९३%) रहने प्रारम्भिक अनुमान रहेकोमा कोशी, मधेश, वागमती, गण्डकी र लुम्बिनी प्रदेशमा सबैभन्दा धेरै वार्षिक वृद्धिदर सोही क्रियाकलापको रहने र कर्णाली तथा सुदुरपश्चिम प्रदेशमा सबैभन्दा धेरै वार्षिक वृद्धिदर वित्तिय तथा विमा सेवाको रहने प्रारम्भिक अनुमान गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशमा पानी आपूर्ति तथा फोहोर व्यवस्थापनको वार्षिक वृद्धिदर सबैभन्दा न्यून रहने प्रारम्भिक अनुमान गरिएको छ भने वागमती, गण्डकी, कर्णाली प्रदेशमा सार्वजनिक प्रशासन तथा रक्षाको वार्षिक वृद्धिदर सबैभन्दा न्यून रहने प्रारम्भिक अनुमान गरिएको छ । लुम्बिनी

र सुदूरपश्चिम प्रदेशमा सार्वजनिक प्रशासन तथा रक्षा र मधेश प्रदेशमा कृषिको वार्षिक वृद्धिदर ऋणात्मक रहने अनुमान छ।

### ३.१ कोशी प्रदेश

आर्थिक वर्ष २०८२/८३ का लागि कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. १० खर्ब ४३ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने आर्थिक वर्ष २०८१/८२ मा रु. ९ खर्ब ८२ अर्ब रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा १५.८ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा पनि यस प्रदेशले १५.८ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको स्थिर मूल्यमा मापन गरिएको उपभोक्ता मूल्यको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ३.१३ प्रतिशत हुने प्रारम्भिक अनुमान र आर्थिक वर्ष २०८१/८२ मा २.७२ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै योगदान कृषि, वन तथा मत्यको (३२.५%) रहने र सबैभन्दा न्यून योगदान प्रशासनिक सहयोगी सेवा (०.३%) को रहने प्रारम्भिक अनुमान रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा कृषिले (३३.१%) योगदान गरी अग्रस्थानमा हुने र प्रशासनिक सहयोगी सेवाको योगदान अन्तिम स्थान (०.३%) मा रहने संशोधित अनुमान गरिएको छ। कोशी प्रदेशमा औद्योगिक वर्गिकरण अनुसार आर्थिक वर्ष २०८२/८३ मा कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबैभन्दा धेरै विद्युत तथा ग्याँसको (२३.७६%) र सबैभन्दा थोरै पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापनको (०.३९%) हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबैभन्दा धेरै विद्युत तथा ग्याँसको (८.२९%) र सबैभन्दा थोरै निर्माणको (-०.७०%) रहने संशोधित अनुमान गरिएको छ।

### ३.२ मधेश प्रदेश

आर्थिक वर्ष २०८२/८३ का लागि मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ८ खर्ब ६३ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने आर्थिक वर्ष २०८१/८२ मा रु. ८ खर्ब १८ अर्ब रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा १३.१ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशले १३.२ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको स्थिर मूल्यमा मापन गरिएको उपभोक्ता मूल्यको कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर १.३१ प्रतिशत हुने प्रारम्भिक अनुमान र आर्थिक वर्ष २०८१/८२ मा ४.४३ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै योगदान कृषि, वन तथा मत्स्यको

(३४.९७%) रहने र सबैभन्दा न्यून योगदान खानी तथा उत्खनन् (०.१४%) को रहने प्रारम्भिक अनुमान रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा कृषिको (३५.८७%) योगदान सहित अग्रस्थानमा हुने र खानी तथा उत्खनन्को (०.१४%) मा न्यून रहने संशोधित अनुमान गरिएको छ। मधेश प्रदेशमा औद्योगीक वर्गिकरण अनुसार आर्थिक वर्ष २०८२/८३ का लागि कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबैभन्दा धेरै विद्युत तथा ग्याँसको (१०.९१%) र सबैभन्दा थोरै कृषि (-१.२६%) को हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ का लागि कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबैभन्दा धेरै विद्युत तथा ग्याँसको (८.७६%) र सबैभन्दा थोरै निर्माण (०.७८%) को रहने संशोधित अनुमान गरिएको छ।

### ३.३ बागमती प्रदेश

आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. २४ खर्ब २३ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने आर्थिक वर्ष २०८१/८२ मा रु. २२ खर्ब ५७ अर्ब रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा ३६.७ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशले ३६.४ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको स्थिर मूल्यमा मापन गरिएको उपभोक्ता मूल्यको कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर ५.४० प्रतिशत हुने प्रारम्भिक अनुमान र आर्थिक वर्ष २०८१/८२ मा ५.२९ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै योगदान थोक तथा खुद्रा व्यापारको (२१.७%) रहने र सबैभन्दा न्यून योगदान पानी आपूर्ति तथा फोहोर व्यवस्थापनको (०.३%) रहने प्रारम्भिक अनुमान रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा थोक तथा खुद्रा व्यापारको (२१.४%) योगदान अग्रस्थानमा हुने र पानी आपूर्ति तथा फोहोर व्यवस्थापन क्षेत्रको योगदान अन्तिम स्थान (०.३%) मा रहने संशोधित अनुमान गरिएको छ। बागमती प्रदेशमा औद्योगीक वर्गिकरण अनुसार आर्थिक वर्ष २०८२/८३ का लागि कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबैभन्दा धेरै विद्युत तथा ग्याँसको (२२.८८%) र सबैभन्दा थोरै सार्वजनिक प्रसाशन तथा रक्षा (०.६१%) को हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै विद्युत तथा ग्याँसको (१८.७८%) र सबैभन्दा थोरै खानी तथा उत्खनन् (१.३९%) को रहने संशोधित अनुमान गरिएको छ।

### ३.४ गण्डकी प्रदेश

आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ५ खर्ब ९२ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने आर्थिक वर्ष २०८१/८२ मा रु. ५ खर्ब

५४ अर्ब रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा ९.० प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशले ८.९ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको स्थिर मूल्यमा मापन गरिएको उपभोक्ता मूल्यको कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर ५.०१ प्रतिशत हुने प्रारम्भिक अनुमान र आर्थिक वर्ष २०८१/८२ मा ४.९२ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै योगदान कृषि, वन तथा मत्स्यको (२५.७%) रहने र सबैभन्दा न्यून योगदान प्रशासनिक तथा सहयोगी सेवा (०.३%) को रहने प्रारम्भिक अनुमान रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा कृषि, वन तथा मत्स्य (२६.२%) को योगदान अग्रस्थानमा हुने र प्रशासनिक तथा सहयोगी सेवाको योगदान अन्तिम स्थान (०.३%) मा रहने संशोधित अनुमान गरिएको छ। गण्डकी प्रदेशमा औद्योगीक वर्गिकरण अनुसार आर्थिक वर्ष २०८२/८३ मा कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबैभन्दा धेरै विद्युत तथा ग्याँसको (२३.९%) र सबैभन्दा थोरै सार्वजनिक प्रशासन तथा रक्षाको (०.६५%) हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ का लागि कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबैभन्दा धेरै विद्युत तथा ग्याँसको (१२.०२%) र सबैभन्दा थोरै (१.४२%) खानी तथा उत्खनन्को रहने संशोधित अनुमान गरिएको छ।

## ३.५ लुम्बिनी प्रदेश

आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ९ खर्ब ३६ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने आर्थिक वर्ष २०८१/८२ मा रु. ८ खर्ब ८३ अर्ब रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा १४.२ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशले १४.३ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको स्थिर मूल्यमा मापन गरिएको उपभोक्ता मूल्यको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर २.८७ प्रतिशत हुने प्रारम्भिक अनुमान र आर्थिक वर्ष २०८१/८२ मा ४.२७ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै योगदान कृषि, वन तथा मत्स्य (२९.८%) को रहने र सबैभन्दा न्यून योगदान प्रशासनिक तथा सहयोगी सेवा (०.४%) को रहने प्रारम्भिक अनुमान रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा पनि कृषि, वन तथा मत्स्यको (३०.१%) योगदान अग्रस्थानमा हुने र प्रशासनिक तथा सहयोगी सेवाको योगदान अन्तिम स्थान (०.४%) मा रहने संशोधित अनुमान गरिएको छ। लुम्बिनी प्रदेशमा औद्योगीक वर्गिकरण अनुसार आर्थिक वर्ष २०८२/८३ मा कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबैभन्दा धेरै विद्युत तथा ग्याँसको (९.१८%) र सबैभन्दा थोरै (-०.१९%)

सार्वजनिक प्रसाशन तथा रक्षाको हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै विद्युत तथा ग्याँस (८.३८%) र सबैभन्दा थोरै (१.३५%) निर्माणको रहने संशोधित अनुमान गरिएको छ।

## ३.६ कर्णाली प्रदेश

आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. २ खर्ब ७७ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने आर्थिक वर्ष २०८१/८२ मा रु. २ खर्ब ६३ अर्ब रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/८३ यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा ४.२ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशले ४.३ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको स्थिर मूल्यमा मापन गरिएको उपभोक्ता मूल्यको कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर २.९४ प्रतिशत हुने प्रारम्भिक अनुमान र आर्थिक वर्ष २०८१/८२ मा ५.२५ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै योगदान कृषि, वन तथा मत्स्यको (३१.५२%) रहने र सबैभन्दा न्यून योगदान खानी तथा उत्खनन्को (०.१५%) रहने प्रारम्भिक अनुमान रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा पनि कृषि, वन तथा मत्स्यको (३१.४%) अग्रस्थानमा हुने अनुमान र खानी तथा उत्खनन् क्षेत्रको योगदान अन्तिम स्थान (०.१६%) मा रहने संशोधित अनुमान गरिएको छ। कर्णाली प्रदेशमा औद्योगीक वर्गिकरण अनुसार आर्थिक वर्ष २०८२/८३ मा कुल मूल्य अभिवृद्धि वार्षिक वृद्धिदर सबैभन्दा धेरै वित्तिय तथा विमा सेवाको (६.५४%) र सबैभन्दा थोरै (०.०५%) सार्वजनिक सेवा तथा रक्षाको हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै वित्तिय तथा विमा सेवाको (८.४०%) र सबैभन्दा थोरै (१.२६%) खानि तथा उत्खनन्को रहने संशोधित अनुमान गरिएको छ।

## ३.७ सुदुरपश्चिम प्रदेश


आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ४ खर्ब ६३ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने आर्थिक वर्ष २०८१/८२ मा रु. ४ खर्ब ४१ अर्ब रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा ७.० प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशले ७.१ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको स्थिर मूल्यमा मापन गरिएको उपभोक्ता मूल्यको कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर ३.२८ प्रतिशत हुने प्रारम्भिक अनुमान र आर्थिक वर्ष २०८१/८२ मा ३.२१ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/८३

मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै योगदान कृषि, वन तथा मत्स्यको (३३.४%) रहने र सबैभन्दा कम प्रशासनिक तथा सहयोगी सेवाको (०.१%) रहने प्रारम्भिक अनुमान रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा पनि कृषि, वन तथा मत्स्यको (३३.६%) योगदान सहित अग्रस्थानमा हुने र प्रशासनिक तथा सहयोगी सेवा क्षेत्रको योगदान अन्तिम स्थान (०.१%) मा रहने संशोधित अनुमान गरिएको छ। सुदूरपश्चिम प्रदेशमा औद्योगीक वर्गिकरण अनुसार आर्थिक वर्ष २०८२/८३ मा कुल मूल्य अभिवृद्धिको वार्षिक वृद्धिदर सबैभन्दा धेरै वित्तिय तथा विमा सेवाको (७.९८%) र सबैभन्दा कम (-०.१८%) सार्वजनिक सेवा तथा रक्षाको हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ का लागि कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै विद्युत तथा ग्याँसको (७.७१%) र सबैभन्दा कम निर्माण (-२.०४%) को रहने संशोधित अनुमान गरिएको छ।

## ४. प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन

आर्थिक वर्ष २०८२/८३ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन सबैभन्दा धेरै बागमती प्रदेशको र सबैभन्दा कम मधेश प्रदेशको हुने प्रारम्भिक अनुमान रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन सबैभन्दा धेरै बागमती प्रदेशको र सबैभन्दा कम मधेश प्रदेशको रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन यू.एस. डलरमा बागमती प्रदेशको २६४४, गण्डकी प्रदेशको १६५१, कोशी प्रदेशको १४१०, लुम्बिनी प्रदेशको १२०८, सुदुरपश्चिम प्रदेशको ११७०, कर्णाली प्रदेशको ११०८ र मधेश प्रदेशको ९३४ हुने प्रारम्भिक अनुमान गरिएको छ। चालु आर्थिक वर्षका लागि राष्ट्रिय तहमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन यू.एस. डलरमा १५१३ हुने प्रारम्भिक अनुमान गरिएको छ। यस हिसाबले बागमती र गण्डकी प्रदेश बाहेक अन्य प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय औषतभन्दा कम रहेको देखिन्छ। प्रादेशिक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनसम्बन्धी विस्तृत विवरण चित्र ३ मा प्रस्तुत गरिएको छ।

चित्र ३ प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलरमा)




ढुण्डीराज लामिछाने
उप प्रमुख तथ्याङ्क अधिकारी तथा प्रवक्ता
राष्ट्रिय तथ्याङ्क कार्यालय
९८४१४१४३१२

थप जानकारीको लागिः
निर्देशक
दिनेश भट्टराई ९८४१५००७५८
ऋषि राम सिग्देल ९८४६२२६१८०
२०८३ साल जेष्ठ ६ गते

# वार्षिक राष्ट्रिय लेखा अनुमानका प्रकाशित तालिकासम्बन्धी प्राविधिक नोट

राष्ट्रिय तथ्याङ्क कार्यालयले तयार गर्ने राष्ट्रिय लेखासम्बन्धी अनुमानहरू संयुक्त राष्ट्रसंघ, तथ्याङ्क आयोगले (United Nations, Statistics Commission) सिफारिस गरेको System of National Accounts, 2008 तथा Eurostat 2013 मा उल्लेखित विधि र वर्गीकरणमा आधारित छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गर्ने प्रादेशिक राष्ट्रिय लेखाका छ ओटा तालिकाहरूमा प्रयोग भएका केही प्राविधिक शब्द एवम् सूचकहरूको संक्षिप्त परिभाषा यस प्रकार रहेको छ।

## १. कुल मूल्य अभिवृद्धि (तालिका १ र २ सँग सम्बन्धित)

कुल उत्पादनमा मध्यवर्ती उपभोग घटाएर बाँकि रहेको मान नै कुल मूल्य अभिवृद्धि हो। कुल उत्पादन भनेको अर्थतन्त्र भित्र निश्चित अवधिमा उत्पादन भएका वस्तु वा सेवाको जम्मा मूल्य हो भने वस्तु तथा सेवा उत्पादन गर्न प्रयोग गरिएका कच्चा पदार्थ लगायतका वस्तु तथा सेवाको जम्मा खर्चलाई मध्यवर्ती उपभोग भनिन्छ। कुल मूल्य अभिवृद्धिलाई प्रचलित मूल्य र स्थिर मूल्यमा मूल्याङ्कन गरी प्रस्तुत गरिन्छ। सुत्रमा,

*कुल मूल्य अभिवृद्धि = कुल उत्पादन - मध्यवर्ती उपभोग*

अर्थतन्त्र भित्र सञ्चालित सम्पूर्ण आर्थिक क्रियाकलापबाट उत्पादित कुल मूल्य अभिवृद्धिको योगफल नै उत्पादन विधिबाट निकालिने कुल गार्हस्थ्य उत्पादन (जीडिपी) हो। सुत्रमा,

*कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) = Σ कुल मूल्य अभिवृद्धि*

*कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) = Σ कुल मूल्य अभिवृद्धि + उत्पादनमा लागेको कर — उत्पादनमा प्राप्त हुने अनुदान*

## २. प्रादेशिक औद्योगिक क्रियाकलापको कुल मूल्य अभिवृद्धिले देशको कुल मूल्य अभिवृद्धिमा पुर्याएको योगदान (तालिका ३ सँग सम्बन्धित)

प्रादेशिक औद्योगिक क्रियाकलापको आधारभूत मूल्यको मूल्यको कुल मूल्य अभिवृद्धिलाई देशको सोही कृयाकलापको आधारभूत मूल्यको कुल मूल्य अभिवृद्धिले भाग गरेर उक्त प्रदेशको उक्त औद्योगिक क्रियाकलापले देशको सोही क्रियाकलापको कुल मूल्य अभिवृद्धिमा पुर्याएको योगदान गणना गरिन्छ। सुत्रमा,

$$\text{प्रादेशिक कुल मूल्य अभिवृद्धिको योगदान} = \frac{\text{प्रादेशिक कुल मूल्य अभिवृद्धि}}{\text{देशको कुल मूल्य अभिवृद्धि}} X \text{ १००}$$

यो सूचकबाट देशका प्रदेशहरूले कुन कुन क्षेत्रमा के कति योगदान गरेका छन् भन्ने सूचनाका साथै प्रादेशिक कुल गार्हस्थ्य उत्पादनले देशको कुल गार्हस्थ्य उत्पादनमा पुर्याएको योगदान अनुमान गर्न सकिन्छ।

### ३ जीडिपीको प्रतिशतको रूपमा .औद्योगिक क्रियाकलापको योगदान  तालिका)४ सँग सम्बन्धित(

औद्योगिक क्रियाकलापको आधारभूत मूल्यको मूल्यको मूल्य अभिवृद्धिलाई आधारभूत मूल्यको कुल गार्हस्थ्य उत्पादनले भाग गरेर उक्त औद्योगिक क्रियाकलापको योगदान गणना गरिन्छ। सुत्रमा,

$$\text{प्रादेशिक जीडीपीमा योगदान} = \frac{\text{औद्योगिक क्रियाकलापको आधारभूत मूल्यको  मूल्यको मूल्य अभिवृद्धि}}{\text{आधारभूत मूल्यको प्रादेशिक जीडीपी}} X \text{ १००}$$

औद्योगिक वर्गीकरण अनुसार जीडीपीको संरचनाको लामो श्रृङ्खलाले अर्थतन्त्रको संरचनामा भएको परिवर्तनको विश्लेषण गर्न मद्दत पुग्दछ। प्रदेशमा कुन औद्योगिक क्रियाकलाप महत्वपूर्ण छ भन्ने कुरा जान्नको लागि कुन औद्योगिक क्रियाकलापले प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा कति योगदान दिन्छ भन्ने कुरा बुझ्नका लागि यो सूचक महत्वपूर्ण मानिन्छ।

### ४. आर्थिक वृद्धिदर (तालिका ५ सँग सम्बन्धित)

आर्थिक वृद्धिदर भनेको कुनै अर्थतन्त्र भित्र निश्चित समयावधिमा सञ्चालित आर्थिक क्रियाकलापबाट मूल्य अभिवृद्धि भई नयाँ उत्पादन भएका वस्तु तथा सेवाहरूको स्थिर मूल्यमा अघिल्लो अवधिको तुलनामा भएको प्रतिशत परिवर्तन हो। अर्को शब्दमा, आर्थिक वृद्धिदर भनेको अघिल्लो अवधिको तुलनामा प्रदेशको स्थिर मूल्यको कुल गार्हस्थ्य उत्पादन (रियल जीडिपी) मा हुने परिवर्तन हो। प्रदेशको अर्थतन्त्रको अवस्थाको मूल्याङ्कन गर्न यो सूचक प्रयोग गरिन्छ। सुत्रमा,

$$\text{प्रादेशिक आर्थिक वृद्धिदर} = \frac{\text{यस अवधिको रियल प्रादेशिक जीडीपी} - \text{अघिल्लो अवधिको रियल प्रादेशिक जीडीपी}}{\text{अघिल्लो अवधिको रियल जीडीपी}} X \text{१००}$$

आर्थिक वृद्धिदर अर्थतन्त्रको गतिशिल अवस्था (Performance) मापन गर्न प्रयोग गरिन्छ। धनात्मक आर्थिक वृद्धिदर अर्थतन्त्र सही दिशामा अगाडि बढेको सङ्केत हो भने ऋणात्मक आर्थिक वृद्धिदर अर्थतन्त्र संकुचनमा गएको सङ्केत हो। दुई भिन्न अर्थतन्त्र बीचको आर्थिक प्रगति तुलनात्मक रूपमा अध्ययन गर्न आर्थिक वृद्धिदरलाई प्रमुख सूचकको रूपमा प्रयोग गरिन्छ। नीति निर्माताअर्थविद ,योजनाकार ,् तथा पत्रकारहरूले यो सूचक निकै प्रयोग गरेको पाईन्छ।

### ५. प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (तालिका ६ सँग सम्बन्धित)

प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन भनेको प्रदेशका प्रत्येक बासिन्दाको भागमा पर्ने प्रादेशिक कुल गार्हस्थ्य उत्पादन हो। अर्थतन्त्रका सबै आवासीय एकाइहरूको मूल्य अभिवृद्धिमा उत्पादन कर जोड्ने र उत्पादनमा दिएको अनुदान घटाएर आउने मानलाई सम्बन्धित वर्षको मध्य समयको जनसङ्ख्याले भाग गर्दा आउने सूचकलाई प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन भनिन्छ। सुत्रमा,

$$\text{प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन} = \frac{\text{कुल गार्हस्थ्य उत्पादन}}{\text{मध्य वर्षको  जनसङ्ख्या}}$$

यो प्रदेशको समृद्धि नाप्ने सूचक हो। प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनसँगै आर्थिक वृद्धिमा आधारित रहेर प्रदेशको समृद्धिको विश्लेषण गर्न सकिन्छ। प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन प्रदेशका नागरिकको जीवनस्तर मापन गर्न समेत प्रयोग गरिन्छ।

## ६. कुल गार्हस्थ्य उत्पादन मूल्य भाजक (तालिका ६ सँग सम्बन्धित)

कुल गार्हस्थ्य उत्पादन मूल्य भाजक अर्थात जीडीपी डिफ्लेटर (Deflator) ले आधार वर्षको तुलनामा चालु वर्षमा भएको मूल्य वृद्धिको अनुपात जनाउँछ। अर्को शब्दमा ,जीडीपी मूल्य भाजक आधार वर्षको मूल्यलाई १०० मानी तयार गरिएको मूल्य सूचकाङ्क हो। सुत्रमा,

$$\text{कुल गार्हस्थ्य उत्पादन डिफ्लेटर} = \frac{\text{प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादन}}{\text{स्थिर मूल्यको कुल गार्हस्थ्य उत्पादन}} X \text{ १००}$$

जीडीपी डिफ्लेक्टरले अर्थ व्यवस्थामा औसत मूल्य स्तरहरूमा भएको परिवर्तन देखाउँछ ।त्यसैले, यसलाई मुद्रास्फीति मापनको लागि उपभोक्ता मूल्य सूचकाङ्क (Consumer Price Index-CPI) सँग संयोजनमा प्रयोग गर्न सकिन्छ।

## ७. अन्तर्राष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरण (तालिका १,२,३,४,५ र ६ सँग सम्बन्धित)

सम्पूर्ण आर्थिक क्रियाकलापको अन्तर्राष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरण चौथो संस्करण (International Standards Industrial Classification of all economic activities – ISIC Revision 4) अनुसार वस्तु तथा सेवा उत्पादनका क्रियाकलापलाई २१ वटा मुख्य क्रियाकलापमा वर्गीकरण गरिएको छ। नेपालको सन्दर्भमा २१ वटा औद्योगिक क्रियाकलापमध्ये पछिल्ला चारोटा आर्थिक क्रियाकलाप) कला, मनोरञ्जन तथा मनोविनोद; अन्य सेवा प्रदान गर्ने क्रियाकलाप; रोजगारदाताका रूपमा घरपरिवारका घरायसी क्रियाकलाप, आफ्ना प्रयोगका लागि छुट्याउन नसकिने विभिन्न वस्तु तथा सेवा उत्पादन गर्ने क्रियाकलाप र बाह्य संघसंस्था एवं यसका अङ्गका क्रियाकलापलाई ( अन्य सेवाका क्रियाकलापमा समावेश गरी १८ किसिमका आर्थिक क्रियाकलापमा वर्गिकरण गरी तालिका प्रस्तुत गरिएको छ।

यी क्षेत्रलाई प्राथमिक क्षेत्र (Primary Sector), द्वितीय क्षेत्र (Secondary Sector) र सेवा क्षेत्र (Tertiary Sector) गरी तीन बृहत् औद्योगिक समूहमा पनि वर्गीकरण गरिएको छ तालिका) ६(। प्राथमिक क्षेत्र अन्तर्गत कृषि ,वन तथा मत्स्य पालन र खानी तथा उत्खनन् क्षेत्र पर्दछन्। द्वितीय क्षेत्र अन्तर्गत उद्योग , विद्युत् तथा ग्याँस, पानीको आपूर्ति र निर्माण क्षेत्र पर्दछन् । सेवा क्षेत्र अन्तर्गत थोक तथा खुद्रा व्यापार, अवास तथा भोजन सेवा, यातायात सञ्चार तथा भण्डारण, वित्तीय मध्यस्थता, घरजग्गा कारोवार, पेशागत तथा प्रशासिनक व्यावसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सेवा पर्दछन्।